# ६ येशूको सेवाकार्यमा महिलाहरुको सहभागिता

***यस अध्यायका मूल पदहरू:*** लूका १:३९-५५, लूका २:३६-३९, लूका ७:११-१७, ३६-५०, रोमी १०:१७, लूका ८:१-३, लूका १८:१-८।

***स्मरण गर्नुपर्ने पद:*** "जब तिमीहरू येशू ख्रीष्टको आस्थामा रहन्छौ तब तिमीहरू सबै परमेश्‍वरका छोराछोरीहरू हुन्छौ।...येशूमा रहन्छौ भने तिमीहरूको बीचमा यहूदी वा ग्रीक अर्थात् गैर-यहूदी वा अन्य जाति भनेर छुट्टिएर बस्दैन। दास वा श्रमजीवि र मालिक वा स्वतन्त्र मानिसको बीचमा समानता हुन्छ। त्यतिमात्र होइन, येशूको विश्‍वास तथा आस्थामा रहनेहरूमा नर र नारी भनेर अलगिँदैन। किनभने तिमीहरू ख्रीष्टको अधिनमा छौ जसले गर्दा तिमीहरू सबै एक ढिक्का भएका छौ।" (गलाती ३:२६-२८ भावानात्मक रूपान्तरित)।

यथार्थमा भन्ने हो भने लूकाको सुसमाचारको पुस्तकलाई “महिलाहरूको सुसमाचार" भनेर कहलाइएको पाइएको छ। नारीहरूको आवश्यकतामा येशू अत्यन्त संवेदनशील भएको तथ्य लूकाले खुलासा गरेको कारणले नै त्यसो भनिएको हो। येशूको सेवाकार्यमा महिलाहरूको सहभागिता अत्यन्त उल्लेखनीय भएको लूकाको पुस्तकले खुलाएको छ।

कतिपय आजका देश तथा संस्कार वा चलनहरूमा महिलालाई "दोस्रो दर्जा"का नागरिक भनेर हेपेको पाइन्छ। येशू रहनुभएको संस्कारमा पनि त्यो मनस्थितिले पुरुषहरूको दिमाग ओगटेको थियो। त्यसबेलाका कतिपय यहूदी पुरूषहरूले तिनीहरू दास, अन्य जाति वा म्लेच्छ वा महिला भएर नजन्मेको कारण तिनीहरूले परमेश्‍वरलाई धन्यवाद दिन्थे। अझ कतिपय तत्कालिन ग्रीक अर्थात् युनानी र रोमी समाज तथा सभ्यताले महिलाहरूलाई अत्यन्त दुर्व्यवहार गर्थे। रोमी सभ्यतामा पुरुषले बिवाह गरिन्थ्यो केवल बालबालिकाहरू जन्माउनको निम्ति मात्र ताकि तिनीहरूले उसको सम्पत्तिको उत्तराधिकारी होउन्।

आफ्नो ब्याइते श्रीमती बाहेक उसले अनेकौं ल्याइतेहरू पनि पापमय मोजमज्जाको निम्ति राखिन्थ्यो।

परम्परा, समाज, संस्कृति, चलन वा कतिपय समयमा धर्मकै नाउँमा किन नहोस् महिलाप्रति शोषण तथा दुर्व्यवहार गरेको हिजो पनि पाइएको छ आज पनि छ। तर अन्धकारको ओझेलोमा परेका नारीहरूको निम्ति येशूले शुभसन्देश ल्याउनुभएको थियो। उनीहरू अब्राहमका छोरीहरू हुन् भनेर उहाँले ठोकुवा गर्नुभएको थियो (लूका १३:१६)। हेपिएको, पिल्सिएको नारीहरूले येशूको मुखारबाट त्यो मिठो वचन सुन्दा कति खुशी भए होलान्। जसरी पुरुषहरू परमेश्वरको सामु अमूल्य छन् त्यही रूपमा नारीहरू पनि परमेश्वरको सामु बहुमूल्य तथा बराबरी छन् भन्ने प्रमाण येशूले देखाउनुभएको थियो। दुई हजार वर्ष अघि येशूले दिनुभएको सन्देश आज पनि सारा राष्ट्र, संस्कारमा लागु हुन्छः हामी चाहे नर होस् वा नारी होस्, येशू ख्रीष्टमा एक हौं।

## १. येशूको प्रथम आगमनमा उहाँलाई स्वागत गर्ने महिलाहरू (लूका १:३९-४५)

मानिसहरूलाई पापको फन्दाबाट स्वतन्त्र पार्न र मसीह अर्थात् मुक्तिदाताको जन्म हुने आशालाई पूरा गर्न जब परमेश्वरको पुत्रले मानविय अवतार लिनुभयो तब उहाँलाई हृदयदेखी खुशीसाथ स्वागत गर्ने अग्रपङक्तिमा नारीहरू नै थिए भनेर लूकाले मात्र खुलाएका छन्। हो, ती महिलाहरूले आफ्नो अगाडि के भइरहेको थियो सो पूरा बुझ्न सकेको त थिएन। तर तिनीहरूको मुखबाट निस्केका वचनहरू र तिनीहरूको क्रियाकलापले तिनीहरूले परमेश्वरको शुभकार्यमा कतिको विश्वास राखेका थिए भनेर प्रमाणित गरेर देखाइएको छ।

अत्यन्त ठूलो घट्ना हुने छ भन्ने एलीशिबाले मरियमको अगाडि प्रकट गर्दा उनले के बुझेकी थिइन् भनेर लूका १:३९-४५ले कसरी बताउँछ? हेर्नुहोस्ः "ती दिनमा मरियम आतुरीसँग पहाड़तर्फ यहूदियाको एउटा गाउँमा गइन्, ४० र जकरियाको घरमा पसेर एलीशिबालाई अभिवादन गरिन्। ४१ जब एलीशिबाले मरियमको अभिवादन सुनिन्

तब तिनको गर्भमा बालक उफ्र्यो, र एलीशिबा पवित्र आत्माले भरिपूर्ण भइन्, ४२ र एलीशिबाले चर्को सोरले भनिन्, "स्त्रीहरूमा तिमी धन्यकी हौ, र तिम्रो गर्भको फल धन्यको हो। ४३ ममाथि कसरी यस्तो कृपा भयो कि मेरा प्रभुकी आमा मकहाँ आइन्। ४४ किनभने हेर, तिम्रो अभिवादन मेरो कानमा पर्ने बित्तिकै बालक मेरो गर्भमा आनन्दले उफ्र्यो। ४५ तिनी धन्यकी हुन्, जसले परमप्रभुले तिनलाई भन्नुभएको कुरा पूरा हुनेछ भनी विश्वास गरिन्।"

एलीशिबाको मुखबाट जब ती अनुग्रहशाली वचनहरू निस्के तब मरियमले पनि आफ्नै स्वरमा परमेश्वरको प्रशंसा गरिन् (लूका १:४६-५५)। उनले उच्चारण गरेका प्रशंसा भावविभोर भएर गीत गाएकी थिइन् कतिपयले ठान्दछन्। तर जे भएतापनि ती उनले उच्चारण गरेका वचनहरूमा पूरानो करारका टुक्राहरूले भरिएका थिए। त्यसले ती युवती मरियम बाइबलको सच्चा पाठक रहेछ भनेर देखाउँदछ। बाइबलप्रति उनको बिलक्षण ज्ञानले गर्दा नै उनी येशूको आमा हुन सुहाउन पुगेकी थिइन्। मरियमको गीत केवल बाइबलमा मात्र आधारित थिएन तर भित्री हृदयदेखि उनको सम्बन्ध परमेश्वरसँग कस्तो गहिरो थियो भनेर देखाउँदछ। उनको भित्री अन्तस्करणको आत्मा र उनको प्रभुको बीचमा उनको सम्बन्ध कस्तो मजबुत रहेछ उनको गीतले बताउँछ। अब्राहमको आशा र उनको विश्वासमा कस्तो तालमेल भएको पनि त्यस गीतले खुलाएको छ।

हेर्नुहोस्, लूका १:४६-५५:

४६ अनि मरियमले भनिन्, "मेरो प्राणले परमप्रभुको गुणगान गर्दछ,<br>
४७ र मेरो आत्मा मेरा मुक्तिदाता परमेश्वरमा रमाहट गर्दछ।<br>
४८ किनकि उहाँले आफ्नी दासीको दीनतामा कृपा-दृष्टि गर्नुभएको छ,<br>
हेर, अब उप्रान्त सबै पुस्ताले मलाई धन्यकी भन्नेछन्।<br>
४९ किनभने उहाँ, जो शक्तिशाली हुनुहुन्छ, उहाँले मेरो निम्ति महान्<br>
काम गर्नुभएको छ।<br>
उहाँको नाउँ पवित्र छ।

५० उहाँको भय मान्नेहरूमाथि उहाँको कृपा पुस्तादेखि पुस्तासम्म
रहनेछ।
५१ उहाँले आफ्नो बाहुलीको सामर्थ्य प्रकट गर्नुभएको छ।
उहाँले मनभित्रको कल्पनामा घमण्ड गर्नेहरूलाई छरपष्ट पार्नुभएको छ।
५२ उहाँले शक्तिशालीहरूलाई तिनीहरूका सिंहासनबाट हटाउनुभएको छ,
र दीनहरूलाई उचाल्नुभएको छ।
५३ भोकाएकाहरूलाई उहाँले असल चीजहरूले तृप्त पार्नुभएको छ,
र धनीहरूलाई उहाँले रित्तै हात पठाउनुभएको छ।
५४ उहाँले आफ्नो कृपा स्मरण गरेर
आफ्नो सेवक इस्राएललाई सहायता दिनुभएको छ,
५५ र हाम्रा पुर्खाहरूलाई भन्नुभएझैं,
अब्राहाम र उनको भावी सन्तानलाई
सदाकालको निम्ति दया देखाउनुभएको छ।"

त्यसै गरि परमेश्वरको मन्दिरमा जब परम्परा अनुसार मरियम र युशूफले बालक येशूलाई अर्पण गर्ने आएका थिए तब त्यहाँ हन्ना भन्ने एक महिला अगमबक्तासँग जम्का भेट हुँदा त्यस बालकतिर लक्षित गर्दै अत्यन्त महत्त्वपूर्ण र सान्दर्भिक सत्यहरू उनको मुखबाट निस्केका थिए। हेर्नुहोस् लूका २:३६-३८ "आशेरको कुलमा फनुएलकी छोरी हन्ना नाउँकी एउटी वृद्ध अगमवादिनी थिइन्, जो कुमारी अवस्थामा विवाह गरेर सातै वर्ष मात्र श्रीमान्सँग बसेकी थिइन्। ३७ अनि विधवा रहेर तिनी चौरासी वर्ष पुगेकी थिइन्। तिनले मन्दिर छोड्दैनथिइन्, तर उपवास र प्रार्थनासाथ रातदिन उपासना गर्दथिइन्। ३८ त्यही बेला तिनले आएर परमेश्वरलाई धन्यवाद दिइन्, र यरूशलेमका उद्धारको प्रतीक्षा गर्ने सबैलाई बालकको विषयमा भनिन्।"

सारा इस्राएलीहरूले अपेक्षा गरेका आशा तथा उद्धारकर्ता अपेक्षा नगरिएका येशूमा पूरा भएको पाइएको छ। बृद्धा विधवीले परमेश्वरको आश्चर्य कामलाई चिनेको हुन्छ। दिनरात मन्दिरमा रहँदा तिनले मन्दिरमा आउने भक्तजनहरूलाई आउनुभएको मुक्तिदाताको बारेमा

सुनाउन जरुरी ठान्दै त्यो प्रचारिय काममा संलघ्न भएकी थिइन्। त्यस परिवेशमा येशूको सुसमाचार सुनाउने प्रथम् प्रचारकमा त्यस बिधवी आदरणीय महिला हन्ना हुन पुगेकी थिइन्।

ती नारीहरूको सेरोफेरोमा जे घट्नाहरू घटेका थिए तिनीहरूको निम्ति कस्तो अचम्म थिए होलान् भनेर कल्पना गर्नुहोस्। हामी पनि बाइबलमा दिएका महान् तथा अचम्मका आत्मज्ञान तथा सत्यहरूलाई सार्वजनिक रूपमा सुनाउन हामीहरूको हृदयमा जगाइ राख्नुपर्छ भन्ने प्रतिवद्धतमा कसरी रहिरहने?

## २. महिला र येशूको चङ्गाइ सेवाकार्य (लूका ७:११-१७)

लूका ७:१११७मा एक विधवीको निम्ति येशूले अचम्मको काम गर्नुभएको थियो भनेर उल्लेख गरिएको छ। आफ्नो एक मात्र छोरो मर्दा उनको बेहाल भएको थियो। उनी गरिब थिइन् र उनको जिउने आधार केवल त्यही छोरोमात्र थियो। आफ्नो पुत्रको लासको पछि पछि रुँदै बिलाप गर्दै उनी गइरहेकी थिइन्। धेरै शोकाकुल मानिसहरू मलामीमा गइरहेका थिए। धेरै मानिसहरू त्यस युवकको मृत्युमा दुःखद मानेका थिए र त्यस विधवीप्रति तिनीहरू अत्यन्त सहानुभूति देखाएका थिए। आफ्नो भएको एकमात्र छोरो गुमाउँदा त्यस विधवीको भविष्य अन्धकार भएको थियो। उनी निराश र अत्यन्त दुःखित थिइन्।

मलामीको अघि अघि मुर्दा बोकिरहेको मानिसहरूले अर्को जमातसँगको जम्का भेट भयो। त्यस जमातको अग्रपन्थीमा जीवन दिने सृष्टिकर्ता हुनुहुन्थ्यो। जब तिनीहरूको बीचमा भेट भयो तब येशूले शोकाकूल विधवीलाई देख्नुभयो। शोक र निराशले भरिएको त्यस महिलामाथि येशूको करुणा जाग्यो। उहाँको मन त्यस विधवीतिर तानियो र उहाँले भन्नुभयो "नरुनु" (लूका ७:१३)। हुन त कतिपयले उनलाई नरुनु भनिरहेका थिए। अरूको सान्त्वना उनको निम्ति अर्थहिन थियो। तर जब जीवनको स्वामी येशूले "नरुनु" भन्नुभयो, त्यो सम्बोधन अत्यन्त फरक थियो। किनभने त्यस सम्बोधनको पछाडि उनी रोएकी कारणलाई हटाउने शक्ति थियोः त्यस युवकको लासको सामु येशू जानुभयो र

त्यसलाई छोएर उठ्न आदेश दिनुभयो। यहूदी धार्मिक संस्कारमा मुर्दालाई छुनु अशुद्ध मानिन्थ्यो (गन्ती १९:१११३)। तर येशूको निम्ति धर्म, परम्परा वा संस्कारभन्दा करूणा बहुमूल्य थियो। येशूको निम्ति मानव आवश्यकतालाई परिपूर्ति गर्नु कुनै पनि रीतिहरूभन्दा महत्त्वपूर्ण थियो। जब येशूले युवकको लास छोएर उठ्न आदेश दिनुभयो तब त्यस युवकमा जीवन आयो र जीवित भयो। नाइनको गाउँमा मानिसहरूले ठूलो चमत्कार देख्नपाएका थिए। त्यस गाउँका मानिसहरूलाई येशूले दिन चाहनुभएको सन्देश यो थियोः येशूको सामु पुरुषहरूमात्र होइन महिलाहरू पनि दुःख,कष्ट र शोकमा पर्छन्। पुरुषहरूको मात्र दु,खित मन होइन महिलाहरूमा पनि दुःखित मन हुन्छन्। र येशूमा मृत्युको शक्तिलाई जित्ने अधिकार तथा शक्ति छ।

त्यसैगरि याइरसको छोरीको बारेमा लूकाले लूका ८:४१,४२,४९५६मा वर्णन गरेका छन्। याइरस अत्यन्त प्रतिष्ठित व्यक्ति थिए। उनी यहूदी धर्मस्थल सिनिगगको हाकिम थिए। उनको जिम्मामा सिनिगगको सेवाकार्य र त्यसको हेरचाह सुम्पिएको थियो। प्रत्येक सब्बथ सिनितग संचालन कार्यक्रममा मानिसहरूलाई नियुक्ति गर्ने जिम्मा उनको थियो जस्तैः कसले प्रार्थना गर्छ, कसले बाइबल पढ्छ र प्रचार गर्छ आदि। उनमा अधिकार, शक्ति, प्रतिष्ठा र धन थियो। उनको आफ्नो प्यारी छोरी बिरामी भएर मरेकी थिइ। आफू खुद गएर येशूलाई बोलाएर ल्याए र उहाँले त्यस बालिकालाई छोएर मृत्युबाट बौरि उठाउनुभएको थियो।

ती सबै कथाहरूमा येशूको वचनको शक्तिलाई प्रदर्शन गरेको थियोः आमाको निम्ति मरेको छोरो ब्युँताइदिनुभयो भने बाबुको निम्ति मरेकी छोरी ब्युताइदिनुभयो। आमाबाबु र अरू हेर्ने मानिसहरूको निम्ति ती चमत्कारीय काम कस्तो थियो होला, सोच्नुहोस्। ती कथाहरूले परमेश्वर र उहाँको वचनको शक्ति कस्तो छ भनेर हामीलाई देखाउँछ? त्यस शक्तिलाई हामीले बुझ्न कतिको सिमित छौं भनेर हामीले कसरी स्वीकार्ने? (आधुनिक वैज्ञानिकहरूमा पनि येशूले गर्नुभएको कामलाई बुझ्न क्षमता छैन। तर हामीले जान्नुपर्ने अत्यन्त महत्त्वपूर्ण

आत्मज्ञानचाहिँ यो हो कि त्यस शक्तिमा र परमेश्वरले हामीलाई चाहनुभएको हितमा भरपर्न सिक्नैपर्छ। हामीलाई जे होस्, हामी परमेश्वरमा आस्थामात्र होइन भरोसा राख्नैपर्छ भन्ने ज्ञानलाई हामीले बढाइरहनुपर्छ।

## ३. कृतज्ञको आत्मा र येशूमाथि आस्थाले भरिएका महिलाहरू (लूका ७:३६-५०)

**लूका ७:३६-५०मा गहकिलो घट्ना लूकाले वर्णन गरेका छन्। एउटा भोजमा येशूले एक तिरस्कृत र पापी मानिएकी स्त्रीलाई अचम्मको आत्मिक पाठद्वारा सम्मान गर्नुभएको थियो। एक दिन सिमोन भन्ने एक प्रतिष्ठित र यहूदी धर्मगुरू फरिसीले येशूलाई भोज खान निम्त्याएको थियो। जब सबै पाहुनाहरू खानाको निम्ति आआफ्नो ठाउँहरूमा बसेर गफ गर्दै थिए त्यहाँ अचानक सन्नाता छायो। सहरको पापी र संदिघ्न चरित्र भएकी एक स्त्री येशूकहाँ सिधै गइन्। उनले सेतो चिल्लो सिङ्गमरमर वा खरीढुङ्गाको बट्टा खोलिन्। त्यहाँबाट उनले अत्यन्त महँगो अत्तर निकालिन र येशूको पाऊमा खन्याइन्। अनि शिर निहुरेर बलिन्द्र आँसु झार्दै आफ्नो कपालले उहाँका पाऊहरू पुछिन्। उपरोक्त स्त्रीले येशूप्रति अत्यन्त आभारित भएर त्यो काम गरेकी थिइ। उनको धन्यवादको भेटीबाट हामी के पाठ सिक्नसक्छौं? येशूप्रति उनको आस्थालाई उहाँले कसरी ग्रहण गर्नुभयो? हेर्नुहोस्, यस कथाको बिवरणः**
"

"३६ फरिसीहरूमध्ये एक जनाले उहाँलाई भोजन गर्न निम्तो दिए, र उहाँ त्यस फरिसीको घरमा गएर खान बस्नुभयो। ३७ त्यस सहरमा एउटी पापी स्त्री थिई। फरिसीको घरमा येशू खान बस्नुभएको छ भन्ने सुनेर, र एउटा सिङ्गमरमरको शीशीमा अत्तर लिएर त्यो त्यहाँ आई, ३८ र पछिल्तिरबाट उहाँका पाउनेर उभिएर, रुँदै उहाँका पाउ आँसुले भिजाउन लागी, र आफ्नो शिरका कपालले पुछ्दै उहाँका पाउलाई चुम्बन गरी, र त्यो अत्तर घस्न लागी। ३९ उहाँलाई निम्तो गर्ने फरिसीले यो देखेर मनमनै यसो भन्न लागे, "यिनी अगमवक्ता हुँदा

हुन् ता यिनलाई छुने को र कस्ती स्त्री हो भनी यिनले जान्नेथिए, किनकि यो त पापीनी हो।" ४० येशूले त्यस फरिसीलाई भन्नुभयो, "ए सिमोन, तिमीलाई केही भन्नु छ।" तिनले भने, "गुरुज्यू, भन्नुहोस्।" ४१ "कोही साहूको दुई ऋणीहरू थिए, एउटाले पाँच सय रुपियाँ र अर्काले पचास रुपियाँ ऋण लिएका थिए। ४२ तर तिनीहरूसित तिर्ने केही नहुँदा तिनले दुवैलाई माफी दिए। यसकारण भन त, यी दुईमध्ये कुनचाहिँले तिनलाई बढ़ी प्रेम गर्नेछ? ४३ सिमोनले भने, "म ठान्छु, जसले बढ़ी क्षमा पायो।" उहाँले तिनलाई भन्नुभयो, "तिमीले ठीकै विचार गरेका छौ।" ४४ अनि त्यस स्त्रीतिर फर्केर उहाँले सिमोनलाई भन्नुभयो, "यस स्त्रीलाई देख्तछौ? म तिम्रो घरभित्र आएँ, तर तिमीले मलाई पाउ धुने पानी दिएनौ, तर यसले मेरा पाउ आँसुले भिजाई, र आफ्ना केशले पुछी। ४५ तिमीले मलाई चुम्बन गरेनौ, तर यसले त, यहाँ म आएदेखि, मेरा पाउ चुम्बन गर्न छोड़ेकी छैन। ४६ तिमीले मेरो शिरमा तेल घसिदिएनौ, तर यसले त मेरा खुट्टामा अत्तर घसेकी छे। ४७ यसकारण म तिमीलाई भन्दछु, यसका पाप, जो धेरै छन्, क्षमा भएका छन्, किनकि यस स्त्रीले बढ़ी प्रेम देखाई। तर जसलाई थोरै क्षमा गरिन्छ, त्यसले थोरै प्रेम गर्दछ।" ४८ अनि उहाँले त्यस स्त्रीलाई भन्नुभयो, "तिम्रा पाप क्षमा भएका छन्।" ४९ खान बस्नेहरूले आपसमा भन्न लागे, "पाप क्षमा गर्ने यिनीचाहिँ को हुन्? ५० उहाँले त्यस स्त्रीलाई भन्नुभयो, "तिम्रो विश्वासले तिमीलाई बचाएको छ, शान्तिसाथ जाऊ।" (लूका ७:३६-५०)।

**"मानव आँखाको सामु त्यस स्त्रीको मामिला अत्यन्त निराशमय थियो। तर मेरी भित्र असल गुणहरू लुकिएको उहाँले देख्नुभयो। उनको असल चरित्रको पक्ष येशूले देख्नुभएको थियो। जसरी मेरीलाई महान आशाका संभाव्यताहरू दिएका थिए त्यसै गरि मानव जगतको निम्ति दिएको मुक्तिको योजनामा पनि ती संभाव्यताहरू खनिएका छन्। येशूको अनुग्रहले मेरी परमेश्वरको स्वभावमा सहभागी हुन पुगिन्।...जब येशू बौरी उठ्नुभयो तब उहाँलाई भेट्न चिहानमा जाने व्यक्तिमा मेरी पहिली थिइन्। मुक्तिदाता मृत्युबाट बोरी उठ्नुभयो भन्ने शुभसमाचारको घोषणा**

गर्ने पहिलो सौभाग्य मेरीले पाएकी थिइन्।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ५६८बाट रूपान्तरित।

लूका ८:४३-४८मा अर्को महिलाको बारेमा विवरण लेखिएको छ। एउटा महिला बाऱ्ह वर्षसम्मा रगत बग्ने व्यथाले ग्रस्त भएकी थिइन्। धेरै वर्षसम्म कष्ट भोगेकी त्यस महिलालाई कुनै औषधी उपचारले छोएको थिएन्। उनको रोग निको हुनसक्दैनथ्यो। त्यसले गर्दा उनको शरीर र प्राणलाई छियाछिया बनाएको थियो। उनले येशूको बारेमा सुनिन्। येशूको महान् करुणामा उनी सहभागी हुन पुगिन्।

येशूको बारेमा उनले कतिको सुनिन्, धेरै वा थोरै? सो हामीलाई थाहा छैन। तर गरिब, असहाय र रोगले ग्रस्त भएकोप्रति उहाँको दया र करुणा अपार थियो भनेर उनले सुनेकी थिइ। समाजमा तिरस्कृत र बहिस्कृत मानिसहरूलाई उहाँले स्वीकार गर्नुहुन्थ्यो भनेर उनले सुनेकी थिइन्। उहाँले कुष्ट रोग लागेकाहरूलाई छुनुहुन्थ्यो भनेर सुनेकी थिइन्। पानीलाई अत्यन्त स्वादिलो रसमा परिणत गर्नुभयो भनेर पनि उनले सुनेकी थिइन्। अझ उहाँले दिक्क र उदासिन तथा आशारिहत मानिसहरूप्रति चासो राख्नुहुन्थ्यो भनेर सुनेकी थिइन्। उनमा आशाको किरण सबै बिलाएको थियो। तर येशूको बारेमा सुनेरमात्र पुग्दैन। सत्यलाई सुन्दा आस्थामा दोऱ्याउनुपर्छ (रोमी १०:१७)। अनि उहाँको बारेमा सुनेर उनको हृदयमा उहाँप्रति आस्था जागेकोले सुरुक्क भिडको बीचमा लुक्दै गएर उनले येशूको पछ्यौराको टुप्पा छोइन्। त्यो छुवाइको निम्ति उनमा विश्वास हुनुपर्थ्यो। त्यसले उनको रगत बग्ने व्यथा तुरन्तै निको भयो र उनको शरीरमा नयाँ शक्ति आयो। येशूको पछ्यौरा छुने बित्तिकै उहाँले विश्वासको व्यक्तिगत सम्पर्कको अनुभव गर्नु भयो र “कसले मलाई छोयो?" भनेर उहाँले सोधपूछ गर्नुभयो। येशूलाई छुँदा उहाँबाट लुक्न नसकिने रहेछ भनेर त्यस महिला येशूको सामु घोप्टो परेर आफ्नो दुःख पोखाइन्। उनको आस्थाप्रति सराहना गर्दै येशूले उनलाई जीवनको आशिष दिएर भन्नुभयो “तिम्रो विश्वासले तिमी निको भयौ।" (लूका ८:४८ रूपान्तरित)।

मानिसहरूको अनुहार वा हाउभाउ हेरेर त्यो मानिस यस्तो उस्तो भनेर न्याय वा मूल्याङ्कन गर्न अत्यन्त सजिलो छ, हैन त? हामीले मुखले नफुटाएतापनि मनमनै भएतापनि त्यसो गर्छौं। यो एकदम गलत छ। जुन परिस्थितिमा मानिसलाई जाकियो त्यही परिस्थितिमा हामी पनि पर्‍यौं भने हामीले के गर्ने भनेर थाहा नहुने परिप्रेक्ष्यमा अरूको बारेमा आलोचनात्कि टिप्पणी नगर्न हामी कसरी सचेत हुने?

## ४. येशूलाई पछ्याउने केही महिलाहरू (लूका १०:३८-४२)

लूका १०:३८-४२ पढ्नुहोस्। त्यस कथाबाट हामीले कस्तो महत्त्वपूर्ण आत्मिक सत्य ज्ञानहरू सिक्न सक्छौं? (लूका ८:१-३ पनि पढ्नुहोस्)। “उहाँहरू जाँदैगर्नुहुँदा उहाँ कुनै एउटा गाउँमा पस्नुभयो, र मार्था नाउँ भएकी एउटी स्त्रीले उहाँलाई आफ्नो घरमा स्वागत गरिन्। ३९ मरियम नाउँ भएकी तिनकी एउटी बहिनी थिइन्। तिनी येशूका पाउनेर बसेर उहाँको वचन सुन्दथिन्। ४० तर मार्था सेवा-सत्कारको धेरै काममा अल्झेकी थिइन्। तिनले येशूकहाँ आएर भनिन्, "प्रभुज्यू, मेरी बहिनीले सेवा-सत्कारको काममा मलाई एकलै पारेकी छिन्, तपाईं वास्ता राख्नुहुन्न? त्यसलाई भनिदिनोस्, र त्यसले मलाई सघाओस्।" ४१ तर येशूले जवाफ दिएर तिनलाई भन्नुभयो, "मार्था, मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छ्यौ, र व्याकुल हुन्छ्यौ। ४२ तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे, जो तिनीबाट खोसिनेछैन।" लूका ८:१-३ “त्यसपछि उहाँ सहर-सहर र गाउँगाउँ हुँदो प्रचार गर्दै र परमेश्वरका राज्यको सुसमाचार सुनाउँदै भ्रमण गर्न लाग्नुभयो। उहाँसँग बाह्रै जना चेलाहरू थिए। २ कतिपय स्त्रीहरू पनि उहाँको साथमा थिए, जो दुष्टात्मा र रोगहरूबाट निको भएका थिए। यिनीहरू थिएः मग्दलिनी भन्ने मरियम, जसबाट सात वटा भूत निकालिएका थिए, ३ हेरोदका कारिन्दा खुजासकी पत्नी योअन्ना, र सुसन्ना। यिनीहरू र अरूहरूले आफ्ना धनले उहाँको सेवा गर्दथे।"

**येशूलाई सत्कार गर्ने क्रममा मार्था खानपिन पकाउन अत्यन्त व्यस्त थिइन्। पाहुनाको निम्ति उनले चाँजोफाँजो मिलाउनमा व्यस्त**

थिइन् (लूका १०:४०)। तर उनकी बहिनी मेरी येशूको पाऊनेर बसेर उहाँका वचनहरू सुन्न व्यस्त थिइन् (पद ३९)। आफूलाई सघाउन नआएकोमा मेरीप्रति मार्था रिसाइन् र येशूलाई आफ्नो गुनासो पोखाइन्। “म अत्यन्त व्यस्त भएकी छु। सबै काम मैले नै गरिरहनुपरेको छ। मेरीलाई मलाई सघाउन भन्नुहोस्।" मार्थाले आफ्नी बहिनीलाई नबोलाई येशूलाई दुखेसो पोखाइन्। मानिसहरूलाई सेवा गर्न व्यस्त हुन चाहेको मार्थालाई येशूले हप्काउनुभएन। तर जीवनमा सबभन्दा पहिलो प्राथमिकता कसलाई दिनुपर्छ भनेर येशूले उनलाई औँल्याउनुभएको थियो। येशूको असली चेला वा अनुशासित भक्त हुने अत्यन्त महत्त्वपूर्ण कदम नै येशूको सङ्गतमा रहनु हो। अरूसँगको सङ्गत त्यसपछि आउँछ।

“ख्रीष्टले अऱ्हाउनुभएको काम पूरा गर्न कडा परिश्रमी र होशियारी कामदारहरूको आवश्यकता पर्छ। सक्रिय अध्यात्मिक कामको निम्ति मार्था जस्तो व्यक्तिहरूलाई बिशाल अवसरहरू दिइएको छ। तर तिनीहरू पहिले मेरीसँग येशूको पाऊमुनि बसुन्। ख्रीष्टको अनुग्रह र शक्तिले कडा परिश्रम र बललाई पवित्र बनाइयोस्। उक्त कदममा हिंड्न सकियो भने जीवनलाई असल काममा लगाउन कसैले पनि हराउन नसकिने बल त्यस व्यक्तिले प्राप्त गर्छ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ५२५बाट रूपान्तरित।

येशूको सेवाकार्यमा महिलाहरूको पनि अत्यधिक सहभागिता थियो। देहायका केही पदहरूले त्यस कुरालाई कसरी पुष्टि गर्छ हेर्नुहोस्: लूका ८:१-३ “त्यसपछि उहाँ सहर-सहर र गाउँगाउँ हुँदो प्रचार गर्दै र परमेश्वरका राज्यको सुसमाचार सुनाउँदै भ्रमण गर्न लाग्नुभयो। उहाँसँग बाह्रै जना चेलाहरू थिए। २ कतिपय स्त्रीहरू पनि उहाँको साथमा थिए, जो दुष्टात्मा र रोगहरूबाट निको भएका थिए। यिनीहरू थिए: मग्दलिनी भन्ने मरियम, जसबाट सात वटा भूत निकालिएका थिए, ३ हेरोदका कारिन्दा खुजासकी पत्नी योअन्ना, र सुसन्ना। यिनीहरू र अरूहरूले आफ्ना धनले उहाँको सेवा गर्दथे।", लूका २३:५५,५६ “गालीलबाट उहाँको साथमा आउने स्त्रीहरू पछिपछि गए, र त्यो चिहान हेरे, र उहाँको लाश कसरी राखियो सो

देखे। ५६ तब फर्केर तिनीहरूले सुगन्धित द्रव्य र अत्तरहरू तयार गरे। अनि व्यवस्थाको आज्ञाअनुसार शबाथमा तिनीहरूले विश्राम गरे।" र लूका २४:१-१२ "हप्ताको पहिलो दिन बिहान सखारै ती स्त्रीहरूले तयार गरेका सुगन्धित द्रव्य लिएर तिनीहरू चिहानमा आए। २ तिनीहरूले ढुङ्गा चिहानबाट हटाएको भेट्टाए। ३ तर भित्र पस्दा तिनीहरूले प्रभु येशूको शरीर पाएनन्। ४ जब तिनीहरू यस विषयमा अलमल्ल परिरहेका थिए, तब चहकिलो पोशाक पहिरिएका दुई पुरुषहरू तिनीहरूका छेवैमा खड़ा भए। ५ तिनीहरू भयभीत भए अनि जमिनतिर शिर झुकाए, तर ती दुई पुरुषले भने, "तिमीहरू जीवित व्यक्तिलाई मृतकहरूका बीचमा किन खोज्छौ? ६ उहाँ यहाँ हुनुहुन्न, तर जीवित भई उठ्नुभएको छ। गालीलमा हुनुहुँदा उहाँले तिमीहरूलाई के भन्नुभएको थियो त्यो याद गर, ७ कि मानिसको पुत्र पापी मानिसहरूका हातमा सुम्पिनु, र क्रूसमा टाँगिनु, र तेस्रो दिनमा जीवित भई उठ्नु आवश्यक छ।" ८ तिनीहरूले उहाँका वचन सम्झे। ९ अनि चिहानबाट फर्केर तिनीहरूले यी सबै कुरा एघार चेलाहरू र अरू सबैलाई बताए। १० ती स्त्रीहरूचाहिँ, मरियम मग्दलिनी, योअन्ना, र याकूबकी आमा मरियम थिए। तिनीहरूसँग रहेका अरू स्त्रीहरूले पनि यी कुरा प्रेरितहरूलाई भने। ११ तर तिनीहरूले यी कुरा वाहियात हुन् भन्ठाने, र तिनीहरूले विश्वास गरेनन्। १२ तर पत्रुस उठेर चिहानमा दौड़ेर गए, र निहुरेर हेर्दा सूती कपड़ाका पट्टीहरू मात्र देखे। त्यो घटना देखेर अचम्म मानी उनी गइहाले।"

**जब येशूको सेवाकार्य बढियो तब उहाँ प्रत्येक शहर र गाउँमा सुसमाचार प्रचार गर्दै र सिकाउँदै डुल्नुभयो। उहाँको साथमा १२ जना चेलाहरू थिए। येशूले निको पार्नुभएको र उहाँको वचनले अत्यन्त प्रभावित भएका महिलाहरूको प्रभावकारी गवाहीहरूलाई लूकाले लेखा राखेको पाइन्छ। धनी वा प्रतिष्ठित महिलाहरू पनि येशूको बिस्तारित सेवाकार्यमा पछ्याएका थिए। ती मध्ये केहीको नाउँ लूकाले किटानी गरेर उल्लेख गर्छन्: (१) मेरी मग्दलिनीसहित केही महिलाहरू जसबाट दुष्ट आत्माहरू निकालिएका थिए (२) हेरोड राजाको अर्थमन्त्री शुजाकी**

श्रीमती योआना (३) सुजाना र (४) अरू धेरै जसले येशूको काममा सहयोग गरेका थिए (पद ३ रूपान्तरित)।

प्रत्येक मानव जातिको निम्ति येशू मर्नुभयो भन्ने तथ्यलाई हामी स्वीकार्छौं। त्यसले गर्दा परमेश्वरको सामु सबै जना बराबर वा समान छन् भनेर स्वीकार गर्नु अनिवार्य छ। अरूप्रति विशेष गरेर महिलाप्रति त्यस आत्मज्ञानलाई हामीले कसरी देखाउने? अरूलाई आफूभन्दा कमजोर ठानेर नहेप्न हामीले कसरी निश्चित हुने?

## ५. प्रार्थनामा तल्लिन र भेटी चढाउन त्याग गर्न तयार भएका नारीहरू (लूका १८:१-८)।

अत्यन्त महत्त्वपूर्ण सत आत्मज्ञान मानिसहरूलाई सिकाउन येशूले दुई विधवीहरूको क्रियाकलापलाई औंल्याउनुभएको थियो।

लूका १८:१-८मा एक जना विधवीको विवरण दिएको छ। त्यस नीरिह र गरिब विधवीप्रति येशूले दया देखाउँदै उनको मामिलालाई उहाँले औंल्याउनुहुन्छ। आफूले पाएको अन्यायको न्याय पाउन त्यस विधवी एक जना न्यायधिसकहाँ दिनरात चहार्छिन्। त्यो न्यायधिसले परमेश्वरको भय मान्दैनथ्यो न त कुनै मानिसप्रति विशेष सदाशयता देखाउँथ्यो। तर त्यो न्यायधिस अत्यन्त शक्तिशाली थियो। त्यस विधवी अन्याय र जालझेलको शिकारी भएकी थिइन्। कानुनमु◌ाविक न्याय उनले पाउनुपर्छ भनेर उनले जिकिर गरेकी थिइन्। तर उनको निम्ति पैरवी गर्ने मानिसहरूलाई पैसा दिन उनीसँग पैसा थिएन। तर त्यस न्यायधिस न त परमेश्वरको न त मानिसहरूको वास्ता गर्दथ्यो। त्यसकारण उसको ढोकामा आएर उनीसँग न्यायको भिष माग्ने विधवीको क्रन्दन सुरूसुरूमा सुनेको थिएन। विधवीहरूको हेरचाह गर्ने निर्देशन बाइबलमा स्पष्टसँग दिएको छ (प्रस्थान २२:२२-२४, भजन ६८:५, यशैया १:१७ आदि)। तर त्यस न्यायधिसले त्यस विधवीको कुरा सुनेर बाइबलको व्यवस्थालाई वास्ता गर्न चाहेको थिएन। तर त्यस विधवीले एक अस्त्र प्रयोग गरिन्, त्यो थियो हठी भएर दिनदिनै त्यस न्यायधिसको ढोकामा रूँदै कराउँदै न्यायको भिष माग्दथिन्। त्यसले त्यस

न्यायधिसलाई दिक्क पाऱ्यो र आखिरमा उनलाई न्याय दिलाउन वाध्य पारियो।

येशूले दिनुभएको त्यस नीतिकथाले तिन महत्त्वपूर्ण पाठ सिकाउँछन्: (१) प्रार्थना गर्न कहिल्यै पनि नथाक्नु र प्रार्थनाको उत्तर तुरन्तै आएन भनेर निराश नहुनु (लूका १८:१), (२) प्रार्थानाले थोकहरूलाई परिवर्तन पार्न सक्छ- जसरी विधवीको कचकचले परमेश्वरको वास्ता नगर्ने न्यायधिसको मनलाई पगालेको थियो (३) परमेश्वरमाथिको आस्था वा विश्वासमा निरन्तर रहनुभनेको विजयी आस्था अर्थात् विश्वासलाई आफूलाई सजाएर राख्नु हो। प्रत्येक येशूभक्तको निम्ति सत्य विश्वासमा अनन्तको बुद्धि वा ज्ञान समावेश भएको हुन्छः प्रार्थना र विश्वासमा तल्लिन हुन कहिल्यै पनि नछोड्नु। मानिसको पुत्र येशू आउनुभएर अन्तिम विजयको निम्ति पर्खेर बस्नुपरेतापनि आस्थामा र प्रार्थना गर्नमा कहिल्यै पनि हरेस नखानु (पद ८)।

महिलाको बारेमा  दोस्रो मामिला लूका २१:१-४ र मर्कूस १२:४१-४४मा उल्लेख गरिएको छ। यहूदी धर्मगुरू, शास्त्री तथा यहूदी धर्मलाई रक्षा गर्नुपर्छ भनेर अतिवादी अगुवाहरूको दुईमुखे वा ढोंगीपनालाई मन्दिरको परिसरमा भर्खरै भन्डाफोर गर्नुभएको थियो। तब उहाँले ती देखावती पण्डित तथा अगुवाहरूको र एक नीरिह विधवा महिलाको धर्मको बीचमा कस्तो भारी भिन्नता थियो भनेर येशूले औँल्याउनुभएको थियो। ती पढेलेखेका धर्मगुरूहरूको भन्दा त्यस विधवीको धर्म सही थियो भनेर उहाँले जिकिर गर्नुभएको थियो। येशूले भेटी बाकसमा राख्ने भेटीहरूलाई हेर्दै हुनुहुन्थ्यो। धनीहरूले सबैले देख्ने गरेर धेरै भेटी चढाएका थिए भने एक जना विधवाले आफूसँग भएको दुई पैसा चढाएकी थिइन्। येशूको निम्ति उनको भेटी बहुमूल्य बन्न पुगेको थियो।

धर्मको नाउँमा कतिपय ती धार्मिक पण्डित तथा अगुवाहरूले विधवाहरूको घर लुट्थ्यो भनेर येशूले तिनीहरूको भन्डाफोर गर्नुभएको थियो (लूका २०:४७)। गरिब, निसहाय र विधवाहरूको वास्ता नगरी

बाइबलको नीतिलाई तिनीहरूले तोड्दथे। त्यसबेला आफू कतिको परोपकारी, दानी वा धर्मात्मा छु भनेर सर्वसाधारणलाई देखाउन धनीहरू दान दिँथे। जति दिए तिनीहरूमा भएको अत्यधिकबाट थोरै दिन्थे। त्यसको अर्थ तिनीहरूको दानमा त्याग थिएन। त्यसबेलाका मानिस र अहिलेको बीचमा केही भिन्नता त छैन।

तर येशूले चेलाहरूलाई सही धर्मको अनुकरणीय उदाहरण त्यस बिधवा भएको औँल्याउनुभएको थियो। किनभने उनले आफूमा भएको सबै थोक परमेश्वरमा चढाएकी थिइन्।

धनी तथा प्रतिष्ठित धर्मगुरू वा अरूहरूले अरूहरूलाई देखाउन दिएका थिए, अरूबाट सम्मान पाउन दानी भएर देखाएका थिए। तर त्याग र परमेश्वरको महिमा खोज्ने नियत त्यस विधवाको थियो। आफूसँग भएको दुई पैसामात्र किन नहोस् त्यो दिएर आफ्नो सर्बेसर्बा परमेश्वर नै हुनुहुन्छ भनेर उनले उहाँको कदर गरेकी थिइन्। येशूले त्यस विधवाको मुक्त कण्ठले प्रशंसा गर्नुभयो किनभने तिनको हृदय ठीक ठाउँमा थियो। सबैतिर आँखा राख्ने परमेश्वरको निम्ति हामीले के दिन्छौं त्यसको मूल्याङ्कन गर्नुहुन्न तर हामीले किन दिन्छौं त्यसमा उहाँ सजग हुनुहुन्छ। हामीले कति दिनेमा भन्दा हामीहरूको त्याग कतिको छ त्यसमा हामीहरूको दिने प्रक्रिया भरपर्छ।

परमेश्वरको कामको निम्ति र अरूको हितको निम्ति तपाईंले कतिको त्याग गर्नुभएको छ?

**उपसंहारः**

थप जानकारीः “जब आफ्नी आमा क्रुसको मुनी ठूलो पिडाले शोकित भइरहेकी थिइन् येशूले तिनलाई सम्झनुभएको थियो। चिहानको छेउमा उभेर बिलाप गरिरहेका महिलाहरूको सामु देखापरेर येशूले आफ्नो पुनरुत्थानको शुभसमाचार सुनाउन तिनीहरूलाई प्रथम् प्रचारक बनाउनुभयो। त्यही येशू नारीहरूको निम्त आजपनि अत्यन्त उत्तम मित्र हुनुहुन्छ। नारीहरूको जीवनको सबै पक्षहरूमा सहायता गर्न उहाँ आज

पनि तत्पर हुनुहुन्छ।"-एलेन जी ह्वाइट, द एडभेन्टिस्ट होम, पृ. २०४बाट रूपान्तरित।

"केवल पुरुषहरूको निम्तिमात्र होइन महिलाहरूको निम्ति पनि प्रभुले काम खटाउनुभएको छ। संकष्ट सहेर तिनीहरूले उहाँको काम गर्लान्, तर तिनीहरूबाटै उहाँले उक्त प्रतिकूल अवस्थामा काम गर्नुहुन्छ। यदि महिलाहरूले आफ्नो कामको कर्तव्यलाई बुझे भने र तिनीहरू पवित्र आत्माको प्रभावमा काम गर्न राजी भए भने उहाँको सेवाको निम्ति चाहिने सबै थोक तिनीहरूलाई उपलब्ध गराइनेछ। येशूको निम्ति त्याग गर्ने ती महिलाहरू पनि उहाँको सेवाको निम्ति बलिरहेको ज्योति भनेर मुक्तिदाताले पहिचान गर्नुहुनेछ। अनि पुरुषहरूलाई भन्दा भारी बल उहाँले तिनीहरूलाई दिनुहुनेछ। परिवारको बीचमा जुन काम महिलाहरूले गर्न सक्छन्, पुरुषहरूले गर्न सक्दैनन्। मानव हृदयभित्र पस्ने काम महिलाहरूले गर्न सक्छन्। पुरुषहरू पुग्न नसकेको मानिसहरूको हृदयमा ती महिलाहरू पस्न सक्छन्। महिलाहरूको काम अत्यन्त आवश्यक छ र त्यसलाई जरुरी ठान्नुपर्छ।"-एलेन जी ह्वाइट, इभान्जलिजम्, पृ. ४६४, ४६५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. लुकाको सुसमाचारसहित अरू सुसमाचारका लेखकहरूले येशू मृत्युबाट बौरि उठ्नुभएपछि महिलाहरूलाई सुम्पिएको काम अत्यन्त चासोको विषय हो। येशू पुनरुत्थान हुनुभएपछि उहाँलाई पहिला देख्ने मानिसहरूमा महिला नै थिए भनेर सबै सुसमाचारका लेखकहरूले लेखेका छन्। अरूलाई उहाँको पुनरुत्थानको संदेश दिनेमा महिलाहरू नै थिए। कतिपयले येशूको पुनरुत्थानलाई नकारेतापनि बाइबलका अन्वेषणकर्ताहरूले ती महिलाहरूको गवाहीको आधारमा उहाँको पुनरुत्थानको सत्य कथालाई अनुमोदन गरेका छन्। सुसमाचारका

लेखकहरूले येशूको पुनरुत्थान कपोलकल्पित गरेर लेखेका थिए भनेर आरोप लगाउँछन्। तर ती आरोप लगाउने व्यक्तिहरूलाई यो थाहा छैन कि ती लेखकहरूले येशूको पुनरुत्थानको बारेमा महिलाहरूलाई थाहा भएको कुरालाई किन कपोलकल्पित बनाए। त्यस युगमा महिलाहरूलाई सम्मानपूर्वक हेरिन्दैनथ्यो। यदि येशूको पुनरुत्थानको कथाले मानिसहरूलाई आकर्षित गर्न चाहन्छन भने सुसमाचारका लेखकहरूले महिलाहरूको सट्टामा पुरुषहरूलाई किन प्रयोग गरेनन्? यो सोचनीय छ।

आ. जुन समाजमा महिलाहरूलाई हेपन्थ्यो अनादर गरिन्थ्यो त्यो समाजमा येशूले महिलाहरूलाई आदर गर्नुभयो र परमेश्वरको सृष्टिको क्रममा सृष्टि गरिएका नारीलाई उचित स्थान दिलाइदिनुभयो। नर र नारी दुवै परमेश्वरको स्वरुपमा सृष्टि गरिएको हो भनेर बाइबलले स्पष्ट पार्दछ। उहाँको सामु नर र नारी दुवै समान छन्। तर नर र नारी एकै होइनन्। नर नारीको बीचमा विशेष भिन्नतालाई स्वीकार गर्दै तिनीहरू परमेश्वरको सामु समान छन् भनेर के हामी मान्न तयार छौं?